नेपाल सरकार

# प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश

धनगढी, नेपाल

## मजदुर दिवस (मे १), २०२५ को शुभकामना सन्देश

मजदुर दिवस (मे १), २०२५ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली श्रमिक दाजुभाई तथा दिदिबहिनीहरूमा सुख शान्ति, सु-स्वास्थ्य, दिर्घायु एव्म समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दै श्रम अधिकारको सुनिश्चितताको कामना गर्दछु।

सन् १८८६ मा अमेरिकाको सिकागोमा **"आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आराम"** नारासहित सुरु भएको मजदुर आन्दोलनको सम्झनामा सन् १८९० देखि हरेक वर्ष अङ्ग्रेजी महिनाको मे १ तारिखमा श्रमिक दिवस मनाउन सुरु गरिएको थियो। विश्वका मजदुरले पर्वका रुपमा लिने यस दिवसलाई आफ्ना हक अधिकारको सुनिश्चितताका लागि सरकार र रोज़गारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउँछन्। वि.सं. २००७ सालमा विराटनगरको मजदुर आन्दोलनसँगै नेपालमा यो दिवस मनाइन थालिएको हो। नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने श्रमिक वर्गको उच्च योगदानको सम्मान गर्दै मुलुकमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संवैधानिक लक्ष्यलाई साकार पार्न यस दिवसले श्रमजीविहरुलाई आफ्ना कर्महरु पुरा गर्दै कानुनप्रद्त्त हक, अधिकार र स्वतन्त्रताको वकालत गरीएकताको सुत्रमा आवद्ध हुनका लागि सहयोग गर्नेछ भन्ने मलाई विश्वासलिएको छु।

अन्तमा, यस दिवसले सम्पूर्ण श्रमजीविहरुको हकहित, स्वतन्त्रता र सौदावाजी गर्ने क्षमताको संरक्षण गर्दै श्रमिक वर्गको वृहत्तर आर्थिक, सामाजिक हितको लक्ष्य हासिल गर्ने तर्फ अग्रसर गर्न सकोस् भन्ने शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

२०८२ साल वैशाख १८, विहिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख